'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत साप्ताहिक

वर्ष ५ | अंक ४१ रूकुम | २०७६ असोज ६ सोमबार | 23 September 2019 Monday | बार्षिक शुल्क १०००। | पृष्ठ ६



रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा


पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-info@rekhadekh.com

**गणतन्त्रका राजाहरू**

अहिले तिनका चेला चपेटाहरू छन् । अनुशर णकर्ताहरू छन् । ती पनि मासिने क्रममा छन् । मासिन्छन् । हामीकहाँ जनताका भोटलाई ...।

२



**कथा: अर्को पुरुष**

'लौ न, दुलही ल्याइसके । अब मादल बजाउन छोड । अब बेण्ड बाजाको तालमा नाचौं हामी ।' दुलही हेर्न कुरिरहेका एकथरि महिला कराए ।

४



**भाले बास्न पाउनुपर्छ**

फ्रान्सको एक अदालतले कुखुराको भाले निर्धक्कसँग बास्न पाउने फैसला गरेको छ । माउरिस नामको उक्त भाले बास्दा चर्को आवाजका कारण ..।

६

## कर्णाली प्रदेशबाट

# एक वर्षमा ९ सय ५९ मुद्दा अख्तियारमा

**रेखदेख संवाददाता**
**रुकुम**

कर्णाली प्रदेशमा एक वर्षमा ९ सय ४९ मुद्दाको अख्तियारमा परेका छन् । गत आर्थिक बर्ष २०७५/७६ को असार मसान्तसम्म ९ सय ४९ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परेका छन् ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतका अनुसार कर्णाली प्रदेशका संघ र प्रदेश अर्न्तगतमा ५ सय २३ मुद्दा परेका छन् । जसमध्ये २८७ फच्छ्र्यौट भएका छन् । भने बाँकी २३६ मुद्दा चालू आर्थिक वर्षमा सरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतका सूचना अधिकारी मेघनाथ सापकोटाले जानकारी दिएका छन् ।
त्यस्तै कर्णाली प्रदेशका ७९ स्थानीय तहमा ४३६ उजुरी अख्तियारमा परेका छन् । जसमध्ये २६१ मुद्दा फच्छ्र्यौट भएको छन् । भने बाँकी १७५ मउजुरी छानविनको क्रममा यस वर्ष सरी आएको सूचना अधिकृत सापकोटाले बताए ।
गत आर्थिक वर्षमा ('सबैभन्दा वढी उजुरी सुर्खेत जिल्लामा रहेका छन् ।' सुर्खेत जिल्लामा गत आर्थिक वर्षमा १ सय ९९ उजुरी अख्तियारमा परेका थिए । कर्णाली प्रदेशमा सबैभन्दा वढी मुद्दा सबैभन्दा वढी शिक्षा क्षेत्रका रहेका छन् । शिक्षामा ३११, संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयका २६३ उजुरी अख्तियारमा परेका थिए ।
त्यस्तै बन तथा वातावरण मन्त्रालय अर्न्तगतका १०५, उर्जा तथा जलस्रोत अर्न्तगतका ५७ र भौतिक तथा पूर्वाधार मन्त्रालय अर्न्तगतका ४२ उजुरी अख्तियारमा परेको अख्तियार दुरुपयोग अनुसन्धान सर्खेतका नायब सुब्बा राजेन्द्र रावलले जनाए । गत आर्थिक वर्ष २०७४/०७५ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतमा जम्मा ७ सय ५१ उजुरी परेका थिए । पछिल्लो समय अख्तियारमा उजुरी पर्ने क्रम वढ्दै गएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतको तथ्याङ्क अनुसार सबैभन्दा वढी उजुरी बैशाख जेठ, असार र श्रावण महिनामा पर्ने गरेको छ । बिशेषगरी आर्थिक वर्षको अन्त्यमा विकास बजेट खर्च गर्ने र गुणस्तहिन काम हुने भएको कारण वढी उजुरी पर्ने गरेका हुन

| क्र.स. | जिल्ला | संघ /प्रदेश तर्फका उजुरी | फच्छौट | बाँकी | स्थानीय तहका उजुरीहरु | फच्यौंट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | १२० | ८६ | २७ | ७९ | ५६ | २३ |
| २ | दैलेख | ८३ | ४९ | ४४ | ८५ | ५० | ३५ |
| ३ | जाजरकोट | ९१ | ३८ | ५३ | ३६ | १९ | १७ |
| ४ | कालिकोट | ४८ | २५ | २१ | ४३ | २२ | २३ |
| ५ | जुम्ला | ३१ | १५ | १६ | ४४ | २२ | २२ |
| ६ | हुम्ला | २५ | ३ | २२ | २४ | १२ | १२ |
| ७ | रुकुम (पश्चिम) | २९ | १४ | १५ | ३२ | १७ | १५ |
| ८ | सल्यान | ३८ | २६ | १२ | ४० | २२ | १८ |
| ९ | मुगु | ४२ | २८ | १५ | ४० | ३१ | ९ |
| १० | डोल्पा | १९ | ८ | ११ | १० | ७ | ३ |
| जम्मा | | ५२३ | २८७ | २३६ | ४३६ | २६१ | १७५ |

स्रोत : अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेत

### बढी उजुरी सुर्खेतमा

सुर्खेत जिल्लामा सबैभन्दा वढी उजुरी परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय सुर्खेतको तथ्याङ्क अनुसार सुर्खेत जिल्लामा १९९ वटा उजुरी दर्ता भएका थिए । जसमध्ये १४२ वटा उजुरी फच्छ्र्यौट भएका छन् । भने बाँकी ५७ यस वर्ष सरी आएका छन् ।
त्यस्तै दैलेखमा १६८ वटा, जाजरकोटमा १२७ वटा, कालिकोटमा ९१ वटा, जुम्लामा ७५ र हुम्लामा ४९ मुद्दा अख्तियारमा परेको थियो । त्यस्तै रुकुम (पश्चिम) मा ६१ सल्यानमा ७८ मुगुमा ८२ र डोल्पामा २९वटा मुद्दा गत वर्ष अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय सुर्खेतमा परेको थियो ।

### स्थानीय तहमा ४३६ उजुरी

कर्णाली प्रदेशका १० जिल्लाका ७९ स्थानीय तहमा उजुरी परेका छन् । स्थानीय तहमा पनि सबैभन्दा वढी उजुरी सुर्खेत जिल्लाका रहेका छन् । सुर्खेत जिल्लाका स्थानीय तहमा ७९ वटा मुद्दा परेका थिए । त्यस्तै ८५ वटा, जाजरकोट ३६ वटा, कालिकोट ४३ वटा, जुम्ला ४४ वटा, हुम्ला २४ वटा, रुकुम पशिचम ३२ वटा, सल्यान ४० वटा, मुगु ४० वटा र डोल्पा १० वटा मुद्दा परेको जनाएको छ ।

# पूर्व एमाले र माओवादीको विवादका कारण विद्यालय बन्द




**विक्रम परियार/रेखदेख**
**रुकुम पूर्व**

रुकुम पुर्वको सिस्ने गाँउपालिका वडा नं -३ मा पूर्व एमाले र पूर्व माओवादी बीच विवाद भएको छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्ने क्रममा विवाद बढेपछि पूर्व एमाले पक्षले विद्यालयमा तालावन्दी नै गरेको छ ।
पूर्व एमालेका कार्यतर्काले पोखराको त्रि . ज . मा.वि.मा असोज २ गते ताला लगाएका हुन् । उक्त विद्यालयको नयाँ विद्यालय व्यवस्थापन समिति गठन भइसकेपछि पुर्व एमालेका उम्मेदवारीहरुको असहमतका कारण विद्यालयमा ताला लागिएको बताइएको छ । बिद्यालय राजनिती विवादमा मुछिदा स्कुलमा पढाई पूर्ण रुपमा वन्द भएको छ ।
बि . ब्य . स . अध्यक्षको लागि एमालेका जनक के.सी., पुर्व माओवादी केन्द्रको तर्फबाट नन्दराम लामिछाने र काँग्रेसका तर्फबाट जयराम खड्काहरुको उम्मेदवारी रहेको थियो । अध्यक्षमा कांग्रेसका जयराम खड्काले पूर्व माओवादीका नन्दराम लामिछानेलाई समर्थनमा गरेपछि पूर्व एमाले पक्ष विवादमा उत्रिएको हो ।

### ताला खुलाउन माग

चार दिन देखी लागेको ताला खोली पठन पाठन सुचारु गर्न विद्यार्थीहरुले माग गरेका छन् । आईतबार विद्यालयमा पुगेका विद्यार्थीहरुले विद्यालयमा लगाएको ताला खोल्न माग राख्दै विरोध जनाएको विद्यार्थी हरिकृष्ण केसीले जानकारी दिएका छन् । विद्यालयमा भएको विवादलाई छिट्टै टुंग्याएर पठन पाठन सुचारु गर्ने वडा नं. -४ का वडाध्यक्ष पसुपति खड्काले जानकारी दिएका छन् । यस विषयमा विद्यालयका प्रधानाध्यपाक कलु खड्कालाई सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन् ।

## कांग्रेसको जागरण अभियान :

# 'नेपाली कांग्रेसलाई गाउँ आउन सुझाव'

**रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाली कांग्रेसलाई गाउँ आउन र संगठन बनाउन सुझाव दिएका छन् । दोस्रो गाउँ जागरण अभियानको क्रममा आम नागरिकले कांग्रेस गाउँ नपस्नु, संगठन नबनाउनु, प्रष्ट नीति तथा कार्यक्रम नल्याउनु जस्ता कारणले कांग्रेस कमजोर भएको बताएका छन् । मुसीकोट नगरपालिका ८ का महेन्द्र पाण्डेले भने, 'कांग्रेस गाउँ पसेर स्थानीय सरकारले गरेका ज्यादतीको भण्डाफोर गर्नुपर्ने धारणा राखेका छन् ।' उनले भने, 'राजनीतिक आस्थाका आधारमा विकास निर्माण हुने गरेको भन्दै स्थानीय सरकारप्रति गुनासो गरे ।'
१०६ औं विपी जयन्तीको अवसरमा सुरु



भएको दोस्रो चरणको गाउँ जागरण अभियान अर्न्तगत रुकुमका ६ वटै स्थानीय तहका गाउँ -गाउँमा कांग्रेस पुगेको थियो । निर्वाचन क्षेत्र १ अर्न्तगत प्रदेश (क) मा नेपाली कांग्रेसका केन्द्रिय प्रतिनिधी एकराज डाँगीको नेतृत्वमा प्रदेश सभापति सुरतजंग मल्ल, नेपाली कांग्रेसका नेता धिरेन्द्र वटाला, मुसीकोट नगरपालिकाका सभापति महेन्द्र केसी, नेपाल राष्ट्रिय मगर संघका अध्यक्ष टेकबहादुर पुन, महिला संघ रुकुमकी अध्यक्ष मनिषा भण्डारी लगायतका भातृ संगठनहरुका प्रमुख तथा प्रतिनिधी गाउँ जागरण अभियानमा लागेका थिए ।
त्यस्तै निर्वाचन क्षेत्र नं. १ (ख) तर्फ नेपाली कांग्रेसका केन्द्रीय प्रतिनिधी मैना रावतको नेतृत्वमा नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधी सीता ओली लगायत नेपाली कांग्रेसका नेता तथा भातृत्व संगठनका प्रमुखहरु अभियानमा लागेका थिए ।
नेपाली कांग्रेसका सभापति प्रेमप्रकाश ओली निर्वाचन क्षेत्र नं. १ अर्न्तगतका प्रदेश (क) र (ख) पुगेर जनताको समस्या बुझ्केको नेपाली कांग्रेका सचिव गोरखबहादुर खत्रीले बताए ।


## हार्दिक शुभकामना

'सिचाई गरौं, उत्पादन बढाओं'

बिजया दशमी तथा शुभदिपावली २०७६सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारी, शिक्षक, सहकारीकर्मी, वुद्धिजिवीका साथै सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई, दिदीवहिनीहरूमा सु-स्वास्थ्य, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**योगेन्द्र महतो (प्रमुख)**
**जलस्रोत तथा सिंचाई विकास**
**सव डिभिजन कार्यालय रूकुम (पूर्व)**



समयमै श्रम अडिट गरौं ।
जिम्मेवार प्रतिष्ठानको परिचय दिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

रेखदेख
रूकुमको लोकप्रिय पत्रिका
२०७६ असोज ६ सोमबार । 23 September 2019 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
दृष्टिकोण २
www.rekhadekh.com

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# जलविद्युतमा लगानी बढाऔं

नेपाल जनस्रोतको धनी देश हो। यहाँ प्राकृतिक रुपमा बग्ने खोलानाला धेरै छन्। तर नेपालमा जलविद्युतमा भने खासै लगानी हुन सकेको छैन्। विशेषगरी सरकारी वेवास्ताको कारण विद्युत उत्पादनमा लगानी नभएको हो। अहिले पनि नेपालका विभिन्न जिल्ला र शहरहरु चर्को लोडसेडिङको मारमा रहेका छन्। जसका कारण उद्योग धन्दा कलकारखानालाई समेत प्रभावित बनाएका छन्। अझ भन्दा प्रयाप्त मात्रामा विद्युत नहुँदा उद्योग धन्दा कलकारखानामा लगानी हुन सकेको छैन्। पछिल्लो समय नेपालमा केही ठुला ठुला जलविद्युत आयोजनाहरुमा लगानी भएपनि समयमा काम भने हुन सकेका छैनन्। रुकुम सन्दर्भमा कुरा गर्दा पनि पछिल्लो समय जलविद्युतमा केही लगानी बढेको छ। गाउँका साना साना खोलाबाट लघु जलविद्युत निर्माण भएका छन्। पछिल्लो समय पूर्वी रुकुममा निर्माण हुन थालेको ५ मेगावाट क्षमताको विद्युत आयोजनाले पूर्वी रुकुम र पश्चिम रुकुममा केही आश पलाएको छ। करिव एक अर्ब लगानीमा निर्माणधिन रुकुमगाड जलविद्युत आयोजना आगामी दुई वर्ष भित्र निर्माण सम्पन्न हुने जनाएको छ। निर्धारित समय सीमा भित्र विद्यत आयोजना निर्माण गरी रुकुम उज्यालो कार्यक्रम सफल हुने विश्वास लिईएको छ। विद्युत निर्माण सँगै उद्योग धन्दा र कलकारखानामा लगानी बढेमा र स्वदेशमै रोजगारी सिर्जना हुने भएकाले जलविद्युतमा लगानी गरौं।

रेखदेख

पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# गणतन्त्रका राजाहरू

अहिले तिनका चेला चपेटाहरू छन् । अनुशरणकर्ताहरू छन् । ती पनि मासिने क्रममा छन् । मासिन्छन् । हामीकहाँ जनताका भोटलाई भर्याङ् बनाएर सत्तामा उक्लेका फुच्चे सामन्तहरू जो छन्, ती आजको पद प्रतिष्ठालाई सधैंको बिर्ता ठानेर अजम्मरी पाराको शान दिइरहेका छन् ? नसुहाउँदो चुरीफुरी गरिरहेका छन् ? यी भुइँफुट्टा डायनोसरहरू अर्थात् नेपालका गणतान्त्रिक सामन्तहरूको चरीफुरी देखेर समयलाई हाँसो लाग्दो हो र मनमनै सोच्दो हो कठैबरा बिचरा यी भुइँफुट्टा फुच्चे सामन्तहरू कतिसम्म चन्द्राहत !?



## मुक्तिबन्धु

एक समय थियो, राजामहाराजाहरू लीला गर्थे । जनताका रगत पसिनामा मोज गर्थे । आत्मआलोचना र सकारात्मक रूपान्तरण राजाका धर्मसंहितामा थिएन । राजाको आलोचना गर्ने र सुधारको सल्लाह दिने अधिकार जनतालाई थिएन । परिवर्तनका लागि जनताले युगान्तको विस्फोट कुर्नुपर्थ्यो । निराश जनजीवनमा जुनसुकै कुरालाई पनि बुझी नबुझी एउटै शब्दावलीमा लाक्षणिक टिप्पणी गरिन्थ्यो र भनिन्थ्यो 'भगवानको लीला !' कविहरू यसैमा कविता लेख्थे 'लीला अपार छन् भगवान् हरिका !' लीला अर्थात् रहस्यमय व्यवहार । बुझ्नि नसक्नुको व्यवहार । अनौठो क्रीडा । रहस्यमय खेल । माया आदि । एक समय थियो । 'माया' बडो चर्चित शब्द थियो । नबुझिने कुरालाई 'माया' भनिन्थ्यो । 'जे होइन त्यो भएर देखिन, चिनिन खोज्नु'लाई 'माया' भनिन्थ्यो । राजनीति, अर्थनीति सबै मायामै अल्झिएका थिए । शासक सुर असुर सबै मायावी थिए । भ्रमहरू, छायाहरू सबै माया थिए । पौराणिक समयमा मय नामका एक महान् कलाकार पनि थिए । शायद मयको वंश नै कलाकार वंश थियो । सामान्यतः उनी दैत्य समुदायका कलाकार मानिन्थे । कतै उनलाई मय दानव पनि भनेको पाइन्छ । मयको कला बुझ्निसक्नुको थिएन । रहस्यमय र विभ्रमकारी कला सामर्थ्यकै लाक्षणिक अर्थमा 'माया', 'मायावी' जस्ता शब्दहरू बने । आज पनि एकथरी पण्डितहरू जगत् संसारलाई भगवान्को माया भन्छन् । जहाँसम्म कलाकार मय कुरा छ, एकथरी पौराणिक मान्यताअनुसार उनी देवशिल्पी विश्वकर्माका छोरा थिए । देवशिल्पीका छोरा मय दैत्य समुदायका कलाकार कसरी भए त ? यसका छुट्टै कथा छन् । पुराणले मयलाई कट्टर रूपको पक्षग्राही देखाउँदैन । अन्यथा पाण्डवको इन्द्रप्रस्थ दरबार र कृष्णको द्वारका नगर निर्माणमा मयको योगदान जोडिने थिएन । महाभारतकालमा युधिष्ठिरको दरबारभित्र मयकै कलामा चिप्लेर दुर्योधन डङ्ङ पछारिएको थियो । अहिले माया नामक एक सभ्यता नै पनि भेटिएको छ ।

जहाँसम्म नेपाली जनबोलीको सवाल छ यहाँ मायाबाटै मायाँपिर्ती बनेको छ । मायाममता बनेको छ । मायालु बनेको छ । मायाजाल पनि बनेको छ् । एक समय थियो, मानिसहरू क्रीडाका कुरा गर्थे । खेल तमासाका कुरा गर्थे । सारा सृष्टि भगवान्कै क्रीडामैदान मानिन्थ्यो । यसै त बालकहरू पनि बालक्रीडा गर्थे । किशोरहरू डण्डीबियो खेल्थे । वृद्धहरू बाघचाल खेल्थे । शासनका ठूलावडाहरू सिकार खेल्थे । खेलकुद शब्द नेपालमा नयाँ हो । यहाँ खेल अलग्गै थियो । कुद अलग्गै थियो । मानिसहरू खेल्थे । यदाकदा कुद्थे पनि । खेलकुद जोडिएको थिएन । यो आयातित शब्द हो ।

हामीकहाँ क्रीडा शब्दको प्रयोग भने पुरानो हो । क्रीडाको शाब्दिक अर्थ पनि खेल नै हो । पुराकथाहरूमा द्यूतक्रीडाका बखान छन् । वेदमा पनि द्यूतक्रीडाका कुरा छन् । वेदले आफ्ना पाठकहरूलाई अर्ती दिँदै भन्छ- 'अक्षैमा्दिव्य' अर्थात् जुवा नखेल ! वेद पढेका युधिष्ठिरले हस्तिनापुरमा गएर जुवा खेले । धेरै वेद पढेका भीष्मपितामहले टुलुटुलु हेरिरहे । आँटपाँट झिकेर रोकेनन् । यो सत्ताको खेल थियो । भीष्म स्वयम् पनि दुर्योधनको सत्तापालित थिए । खेलमा मायावी शकुनी सम्मिलित थियो । परिणाम पूर्वभासित थियो र पनि कतैबाट खेल रोकिएन । सत्तासीनहरू रुकावट मन पराउँदैनन् । सामन्त संस्कार संस्कृतिका सत्तासीनहरू भीरबाट खुर्मुरिन लाग्दा पनि कसैले रोकेको मन पराउँदैनन् । शानसित खुर्मुरिन्छन् ।

संस्कृत भाषाका महाकवि कालीदासले कुमारसम्भव महाकाव्यमा बालिका पार्वतीले हिमालयमा भकुण्डो खेलेको बयान गरेका छन् । हिउँकै भकुण्डो पनि हुनसक्छ । यो सात्विक क्रीडा वर्णन हो । यसरी कन्दुकक्रीडा अर्थात् भकुण्डो खेल भने हाम्रो हिमाली परम्परामा पनि नयाँ होइन । निश्चित सङ्ख्याको समूह बनेर खेलिने हिजो आजको भलिबल, फुटबल आदि चाहिँ हाम्रो सन्दर्भमा नयाँ हुन् । हामी नेपालीहरू जुवालाई पनि खेल भन्छौं । भकुण्डोलाई पनि खेल भन्छौं । दाउपेच गर्नुलाई पनि खेल भन्छौं । अहिले आएर चुनावी राजनीति पनि एउटा खेलमा परिणत भएको छ । सबै खेलका दाउपेच समावेश भएको जटिल खेल । यसै भएर खप्पिस राजनेतालाई हिजोआज खेलाडी पनि भनिन थालेको छ ।

मैले आज यहाँ आज यो टिप्पणी प्रस्तुत गर्नुका पछाडि एउटा कारण छ । भर्खरै मैले एक जना पण्डित भेटेँ । उहाँ स्कुलमा छँदा फुटबल खेलाडी हुनुहुन्थ्यो । पछि संस्कृत पढ्नुभयो । अलि वर्ष जागिर पनि खानुभयो । यसैबीच छोराछोरीहरू पाताल भासिए । उहाँलाई पनि डाकेका थिए । भासिन जानुभएन । बुढाबुढी अहिले आफ्नो गाउँठाउँमै जसोतसो धानिएर रहनुभएको छ । अहिलेका सत्तासीन र प्रतिपक्षका राजनीतिक नेताहरूका सन्दर्भमा कुरा हुँदा उहाँले भन्नुभयो- खप्पिस खेलाडी हुन् । शब्दमा लड्छन् । शब्दमा अर्थ बाँकी छैन । अर्थ चाहिएको पनि होइन । निरर्थक लड्छन् । बीपीको समाजवाद, क. पुष्पलालको जनवाद, मदनभण्डारीको बहुदलीय जनवाद, माओवादीको एक्काइसौँ शताब्दीको जनवाद, यी सबै अर्थ निचोरिएर छोक्रा मात्र बाँकी राखिएका खोक्रा शब्दगुम्फनहरू हुन् । तर पनि यी शब्दगुम्फनहरूले आजको नेपालमा काङ्ग्रेस कम्युनिस्टको राजनीति गर्ने मायावी कलाकारहरूलाई मुखुण्डोको काम दिएका छन् । मुखुण्डो लाउने र जनताका भाग्यभविष्यको भकुण्डो खेल्ने । सारमा अहिलेको नेपालको सत्ता राजनीति यति नै हो ।

शब्दको झगडा, शब्दको खेल । विद्रोह भन्नेहरूसँग पनि आमूल परिवर्तनको योजना छैन । जनता को ? जनताका शत्रु को ? चिन्तनमा यथातथ्य वर्गविश्लेषण छैन । व्यवहारमा जननीति छैन । सही सही ठम्याएर चल्ने संस्कृति छैन । जनताबाट केही नलिने, जनतालाई दुःख नदिने पद्धतिका जनसंस्कृति समातेको देखिएन । थर्काउने र असुल्ने परिपाटी त पुरानै हो । जनताले आशावान् बनेर उभिने निर्धक्कको चौतारी बन्न सत्तापक्ष, प्रतिपक्ष विद्रोहीपक्ष कुनैले सकेको छैन । स्थिति आज पनि महाभारतको जुवा समारोहजस्तै छ । आज पनि दुःशासनद्वारा द्रौपदीको चीरहरण भइरहेको छ ।

तर पनि कहिल्यै हतास, निराश नहुने प्रवृत्तिको नाम जनता हो । जनता जुवाडे युधिष्ठिर होइनन् । वनवासमा पनि धैर्यवान् युधिष्ठिर हुन् जनता । यक्षप्रश्नका अगाडि उभिएको बुद्धिमान् युधिष्ठिर हुन् जनता । जनता आज पनि परिवर्तनका पक्षमा आशावान छन् । जनता बाढी बनेर उर्लेपछि सूर्यको उदयास्तमा शासन क्षेत्रको हिसाब गर्ने सम्राटहरू, महासामन्तहरू पनि ढलेका छन् । निर्मूल भएका पनि छन् । विगतमा निक्कै बलिया देखिएका यथास्थिति भत्केका छन् । यो पनि भत्कन्छ । अवश्य भत्कन्छ । फुच्चे सामन्तहरू पनि ढल्छन् । ढिलो छिटो भन्ने कुरा जनताको संज्ञान र पहलले निर्धारित गर्ने कुरा पनि हो ।

यसै त हाम्रो मुलुकमा अझै गणेशमानका भेडाहरू पनि छन् । बेलाबेला देखिन्छन् । एकाध महिनाअघि चितवनमा पनि देखिए । तर पनि जनताको मूल प्रवाह भने त्यो होइन । रामरहिम जस्ता पात्रलाई कुनै पनि मूल्यमा भगीरथ भन्न सकिँदैन । रामरहिमको पछि लाग्ने प्रवाह गङ्गा पनि हुन सक्दैन । यति हुँदा पनि नेपालमा गणेशमान चिन्तन अझै अप्रासङ्गिक बनिसकको भने छैन । खर्कहरू छन् । घाँस सकिए पनि जरा चरिरहेका भेडाहरू पनि छन् । आधा पेटले गोठमा उग्राइबसेका भेडाहरू पनि छन् । यद्यपि यो केवल अवशेष हो । यथार्थमा गणेमान चिन्तनको त्यो युग बुढो भइसकेको छ । त्यसको पुनरुत्थान भनेको राजा आउने कल्पना जस्तै मात्र हो । यसको कुनै आधार छैन ।

समयले त साथ दिएकै हो । नेताहरू संयमित मिलनसार हुन सकेनन् । १४ वर्ष कालकोठरीमा तपस्यारत रहन सक्ने र १० वर्ष युद्धको छुराधारमा हिँडेर जक्सनमा ओर्लन सक्ने राजनेताहरू भोगविलासको आकर्षण बजार बाट जोगिएर संयमको बाटोमा अघि बढ्न सकेनन् । जननीति बनाएर हिँड्न सकेनन् । जनतासित हातेमालो गरेर हिँड्न सकेनन् । बाहिरी क्रान्तिमा त यी नेताहरू अगाडि पनि देखिए आफूभित्र क्रान्ति गर्न सकेनन् । परिवर्तन गर्न सकेनन् । फिटिक्कै सकेनन् । विलास वैभवको आकर्षणमा आफ्नो राजनीतिक धर्म छाडे । स्खलित भए । आफैबाट पराजित भए । विचारलाई संस्कार र संस्कृतिमा रूपान्तरण गर्न प्रयत्नशील नरहेकाहरू अनायास पुरानै संस्कृतिमा पछारिन्छन् । यो स्वाभाविक नै हो । यस तथ्यलाई हाम्रा पुराणहरूमा बिम्बहरूले प्रमाणित गरिएको पाइन्छ । जस्तै धेनुकासुर महिसासुरजस्ता मायावी दानवहरू युद्धमा विभिन्न रूपरङ्गमा प्रस्तुत भए पनि पराजयको पराकाष्टाका क्षणमा आफ्नै सक्कली रूपमा पछारिन्छन् ।

जनतालाई दुःखको कुरा कति मात्र हो भने ज्यान अर्पेर बोकेका आन्दोलनका खेपहरू निरर्थकजस्तै गए । नेपालमा पनि सिसिफसको कथा बल्झ्यो । हुन त नेपालको कुरा अलि फरक पनि छ । नेपालीहरू अभिशाप मान्दैनन् र निराशा जान्दैनन् । नेपाली जनताको संस्कृति आस्था र विश्वासमा आधारित बहादुरहरूको संस्कृति हो । यस्तो संस्कृति निर्माणका पछाडि नेपालका महान् त्यागी तपस्वी ऋषिमुनिहरूको योगदान छ । गङ्गालाल, दशरथचन्द, शुक्रराज, धर्मभक्त लगायत थुप्रै महान् सहिदहरूको योगदान छ । वाल्मीकिदेखि लक्ष्मीप्रसाद हुँदै कृष्ण सेन इच्छुकसम्मका महिमाशाली कविहरूको योगदान छ । आफ्नो जिउज्यान नभनी क्रान्तिमा होमिने हजारौं हजार क्रान्तिकारी सहिदहरूको योगदान छ । अपराजेय वीर नेपाली जनताको योगदान छ ।

समाजमा आज पनि असल मान्छेहरू छन् । हरेक दलमा छन् । ती जगमा पुरिएका छन् । सत्तामा असल मान्छे पुग्न सकेका छैनन् । यसै त यो आजको मात्र कुरा होइन । २००७ सालपछिको मात्र इतिहास पढ्दा पनि हामी देख्छौं, मुखुण्डो लाएर भकुण्डो खेल्ने मायावी राजनेताहरू अघिल्लो बहुदल कालमा थिए । पञ्चायत कालमा थिए । पछिल्लो बहुदल कालमा थिए । अहिले पनि छन् । पहिले पहिचान गाह्रो थियो । अहिले पहिचान सजिलो छ । अहिले त हामी नाकमै औंला राखेर भनिदिन सक्छौं तिमी मकुण्डो लाएर भकुण्डो खेलिरहेका खेलाडी हौ । ढिलोचाँडो तिमी दण्डित हुन्छौ । तिमीलाई आकाशबाट जमिनमा उतार्ने र सार्वजनिक रूपमा दुत्कार्ने दिन आउँछ । अवश्य आउँछ । आउँदै छ ।

पुनश्चः

हामी सबैले सुने जानेको कुरा हो-डायनोसरहरू ठूला थिए । भयङ्कर ठूला थिए । भयङ्कर ठूला र शक्तिशाली हुनुकै कारण ती सकिए । जरोकिलो त्यही भयो तिनीहरूको । सम्राटहरू, महासामन्तहरू सेरोफेरोका मालिक थिए । तिनका एक झ्वाँकमा संसार थर्र काँप्थ्यो । आफ्ना साम्राज्यमा सूर्य नअस्ताउने सम्राट पनि थिए यसै धर्तीमा । ती पनि डायनोसर मासिएजस्तै गरी मासिए ।

अहिले तिनका चेला चपेटाहरू छन् । अनुशरणकर्ताहरू छन् । ती पनि मासिने क्रममा छन् । मासिन्छन् । हामीकहाँ जनताका भोटलाई भर्याङ् बनाएर सत्तामा उक्लेका फुच्चे सामन्तहरू जो छन्, ती आजको पद प्रतिष्ठालाई सधैंको बिर्ता ठानेर अजम्मरी पाराको शान दिइरहेका छन् ? नसुहाउँदो चुरीफुरी गरिरहेका छन् ? यी भुइँफुट्टा डायनोसरहरू अर्थात् नेपालका गणतान्त्रिक सामन्तहरूको चरीफुरी देखेर समयलाई हाँसो लाग्दो हो र मनमनै सोच्दो हो कठैबरा बिचरा यी भुइँफुट्टा फुच्चे सामन्तहरू कतिसम्म चन्द्राहत !?

भेगका भेग जङ्गल जरोकिलै नराखेर चरेका कारण डायनोसरहरू मासिएका थिए । हाम्रा फुच्चे सामन्तहरू सोच्दा हुन् 'नेपाल र नेपाली जनताको भाग्य भविष्यको मैदान चरिसक्न अझ कति बाँकी छ । यो जति वर्षसम्म बाँकी रहन्छ त्यति वर्षसम्मका लागि यो चरन हाम्रै हो ।' जङ्गलका वृक्ष वनस्पति चर्नु र मुलुकका मानिसहरू चर्नु एउटै कुरा होइन । यो नभएरै सम्राटहरू मासिए । राजा महाराजाहरू मासिए । जङ्गलका वृक्ष वनस्पतिहरू बोल्दैनन् । जस्तै आज भोका नाङ्गा नेपाली जनतालाई सडकमा उत्तानो सुताएर आकाशमा चिलजात्रा देखाउने हौसलामा हौसिएर बनाउन लागिएको अन्तर्राष्ट्रिय हवाई मैदन बनाउन बारामा काटिन लागेका २४ लाख रूखहरू बोलेका छैनन् । ती रूखका लागि जनताको फोक्सोले रोएर उच्छ्वास बोल्नुपरेको छ र पनि सत्ताले सुनेको छैन । हो, वृक्षवनस्पतिले आफै विद्रोह गर्दैनन् । प्रकृतिले ढिलोचाँडो प्रतिक्रिया भने दिन्छ । जहाँसम्म मानिसको कुरा छ, ती सचेत छन् भने तुरुन्त बोल्न सक्छन् । आवश्यक पर्दा युगान्तकारी क्रान्तिकारी बनेर आफ्ना भाग्य-भविष्य-चरुवाका विरुद्ध मैदानमा उत्रन सक्छन् । ज्वालामुखी बनेर विस्फोटित हुन पनि सक्छन् ।

*रातोपाटी डटकमबाट*

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ असोज ६ सोमबार । 23 September 2019 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार




रुकुम पूर्वको मोरावाङमा फलफुलका विरुवा गोड्मेल गर्दै स्थानीय किसान । पछिल्लो समय यस क्षेत्रमा फफूल खेतीतर्फ आर्कषण वढेको छ । तस्वीर : रेखदेख

# बल्ल टुंगियो उद्योग वानिज्य संघको विवाद

अन्तरिम समितिले आगामी ६ महिना भित्र अधिवेशन गराउनको साथै अन्य समस्याहरुको पनि हल गर्नेछ ।

रेखदेख संवाददाता
रुकुम

रुकुम उद्योग वानिज्य संघ रुकुमको विवाद टुंगिएको छ। रुकुम उद्योग वाणिज्य संघमा १४ महिना देखि जारी विवाद सुल्झिएको छ। गतवर्ष असार २२ गते अधिवेशन सुरु हुनै लाग्दा आर्थिक अनियमितता लगायतको विषयमा विवाद भएको थियो।

विधान अनुसार अघिल्लो कार्यसमितिको अवधि सकिएको र अधिवेशन पनि नभएपछि जटिल परिस्थिति उत्पन्न भएको भन्दै उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य युवराज श्रेष्ठको संयोजकत्वमा गठन गरिएको कार्यदलले लामो प्रयासपछि विवादको समाधान गरेको जनाएको छ।

कार्यदलले साविकको कार्यसमिति विवादित भएकोले ६ महिनाभित्र अधिवेशन सम्पन्न गर्नका लागि स्थानीय व्यवसायी पलबहादुर खड्काको संयोजकत्वमा ५ सदस्यीय अन्तरिम कार्यसमिति गठन गर्दै समस्या लाई समधान गरेको छ। अन्तरिम समितिले आगामी ६ महिना भित्रमा संघ भित्र उठेका विभिन्न सवालहरुको संस्थागत रुपले समाधान गर्ने र अधिवेशन



गराउने छ। उद्योग वानिज्य संघको जटील परिस्थितीलाई सामधान गर्ने आफ्नो जिम्वेवारी भएको संयोजक पहलबहादुर खड्काले बताए।

उनले भने, निर्धारित समयमा अधिवेशन गराएर आफ्नो कार्यभार इमान्दारिताका साथ पूरा गर्ने खड्काले जनाए । अन्य सदस्यहरुमा व्यवसायी दलबहादुर खड्का, नवीन खड्का, डिलबहादुर केसी र पवन केसी रहेका छन् । अघिल्लो कार्यसमितिले चारवर्षसम्म साधारणसभा समेत नगरी हिसावकिताव अपारदर्शी बनाएको र उद्योग वाणिज्य संघले सञ्चालन गरेको मध्यपश्चिम महोत्सवको आयव्यय सार्वजनिक नगर्नु नै अघिल्लो विवादको मुख्य कारण भएका कारण त्यस समस्याको सामधान गर्ने संयोजक खड्काले जनाए । विवाद मिलेसँगै रुकुम उद्योग वाणिज्य संघले नियमित कामहरु व्यवसाय दर्ता तथा नवीकरण, स्थायी लेखा नम्बरका लागि फाराम संकलन, मूल्य अभिबृद्धि कर बुझाउने कार्यको सहजिकरण लगायतका कामहरु सुचारु भएका छन्।

# चाँडवाड नजिकीएसँगै बजार अनुगमन

रेखदेख संवाददाता
मुसीकोट

रुकुम पश्चिममा बजार अनुगमन सुरु छ। नेपालीहरुको महान चाँड दशै तिहार नजिकीएसँगै बजार अनुगमन तिव्र पारिएको हो । मुसीकोट नगरपालिकाले पश्चिम रुकुमको सदरमुकाम मुसीकोट आसपासका क्षेत्रमा आईतबार बजार अनुगमन गरेको छ ।

मुसीकोट बजार क्षेत्रका तल्लोबजार, पातुखोला क्षेत्रमा रहेका होटेल, पसल, मेडिकल, मासुपसल, ऐग्रोभेट अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकार शेरबहादुर पुनले बताए। उनले भने, 'विशेषगरी चाँडबाडको समयमा हुने कालोवजारी रोक्न बजार अनुगमन थालिएको हो । अनुगमनको क्रममा व्यवसाय दर्ता नविकरण, खाद्य वस्तुको म्यादको अवस्था, मासु काट्ने ठाउँ लगायतका अवलोकन गरिएको छ । अनुगमनका क्रममा विशेषगरी पेयपदार्थ, र जङफूड, चाउचाउ, विष्कुट बढी म्याद गुर्जेको भेटिएका कारण बरामत गरिएको सहायक प्रजिअ पुनले बताए । उनले भने, 'नागरिक हित र व्यवसायीक सचेतनाको लागि अनुगमन तिव्रत पारिएको छ ।'



बजार अनुगमनको क्रममा रुकुम पूर्वको रुकुमकोटमा भेटीएको म्याद गुर्जिएको सामाग्रीहरु । तस्वीर : रेखदेख

स्थानीय सरकारसँगको सहकार्यमा रुकुम पश्चिमका व्यापारी केन्द्रहरुमा अनुगमन गरिने जनाएको छ त्यस्तै रुकुम पूर्वमा वजार अनुगमन तिव्र बनाएको छ । रुकुम पूर्वको रुकुमकोटको छिप्रीदह, टाकुरामा रहेका पसल, होटेल, मासुपसल, मेडिकल, ऐग्रोभेट लगायतका व्यवसाय अनुगमन गरिएका सहायक प्रमुख जिल्ला अधिकारी सर्वकुमार शाहले बताए । रुकुम पूर्वमा बजार अनुगमन भुमे, सिस्ने र पुथा उतरगंगा गाउँपालिको सहकार्यमा गरेको बताएको छ ।

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## रेखदेख साप्ताहिक राशिफल

६-१२ असोज २०७६
23- 29September 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष** : कुनै कामको जिम्मेवारी बहन गर्नु पर्ने देखिन्छ । सहयोगको आशा दिनेहरु बाटै बिश्वास घात हुनेछ। स्वास्थ्यमा केहि प्रतिकुलताका लक्ष्यणहरु देखा पर्ने छन । बिगतमा बाँकि रहेका कामहरु प्रयास गर्दा बन्नेछन। व्यापार व्यवसाय तथा रोजगार क्षेत्रमा ठिकै रहला । तपाईको परिश्रम बाट अरुलाई फाईदा रहने देखिन्छ ।




**वृष** : तपाई को बोलि बचनले धेरै लाई प्रभाव पार्ने समय रहेको छ । आर्थिक क्षेत्रमा लाभ रहनुका साथै सम्मानित हुने समय छ । रोकिएका कामहरु बन्नेछन । शैक्षिक क्षेत्रमा सफलता रहनेछ । बिशेष सभा समारोहमा सहभागि रहने समय देखिन्छ । बिगतमा गरिएका कार्य बाट सफलता आउनेछ ।




**मिथुन** : मेहनत बाट कार्यमा सफलता रहनेछ । अग्रज व्यक्तिहरु सग भेटघाट रहने समय छ । स्वादिष्ट भोजनको समय रहेको छ । बिगतमा रोकिएका कामहरु सम्पादन हुनेछन । नयाँ कामको सोच बिचार आउने छ । अवसरहरु थुपै आउनेछन । आफन्त तथा सहयोगिको राम्रो साथ र सहयोग मिल्नेछ ।




**कर्कट** : कार्यमा लगानी बढने समय छ। पछि फाईदा हुने कार्यमा लगानी बढाउने समय रहेको देखिन्छ । घर परिवारमा केहि असमझदारी बढने देखिन्छ । घर बाहिरका क्षेत्र बाट लाभ रहने समय देखिन्छ। यात्रा होला। आफुलाई मन पर्ने क्षेत्रमा लगानी बढाउने समय रहेको छ। तपाईको प्रयास बाट धेरै




**सिंह** : भौतिक सामाग्री जोडने समय रहेको देखिन्छ । आजको दिनमा साझेदारी कार्यमा पनि सफलता रहनेछ । घर परिवारका आबश्यकता जोडने समय छ। पछि फाईदा हुने कार्यमा लगानी बढाउने समय छ। आम्दानीका बाटाहरु बढने समय छ। सोचेको कामहरु बन्ने समय छ। तपाईको कार्यको प्रंशसा हुनेछ।




**कन्या** : तपाईको नराम्रो सोच्नेहरु बाट समस्या आउला । तपाईको कमजोरीको फाईदा अरुले लिने समय छ। अरुको बिषयमा चासो नदेखाउदा राम्रो । अबसरहरु थुपै आउनेछन तर अवसर लाई प्रयोगमा ल्याउन नसकिएला। अरुको लागि समय बढि दिनु पर्ने देखिन्छ। आशा देखाउने बाट धोका रहने समय छ।




**तुला** : तपाईको कामको मान्यता हुनेछ। व्यापार व्यवसायमा सफलता र हनेछ । आफनो रुचिका बिषयमा लगानी बढाउने समय छ । अबसरहरु थुपै आउनेछन अवसर लाई चिन्ने प्रयास गर्नुहोला । आशा गरेको क्षेत्रबाट ठिकै लाभ रहला । मेहनत बाट सफलता अबश्य रहनेछ। अग्रज व्यक्ति सग मित्रता बढने समय छ।




**वृश्चिक** : आफनो काम तथा योजना लाई गोप्य राखेर अगाडि बढनु होला । अप्ठेरोमा साथ सहयोग अबश्य मिल्नेछ। देखिएका समस्याहरु लाई समाधान गर्ने समय छ । स्वास्थ्यमा प्रतिकुलता आउला । नसोचेको कामहरु बन्नेछ। तत्काल फाईदा नभए पनि पछि फाईदा हुने कार्यमा लगानी गर्ने समय रहेको छ।




**धनु** : कुनै पनि काम गर्दा हतारले निर्णय गर्दा जटिलता आउला। धैर्यता बाट कार्यहरु अगाडि बढउदा सफलता आउला। घर परिवारको साथ र सहयोग बाट नयाँ आशा पलाउनेछ। प्रेम तथा मित्रतामय समय छ । बोल्दा बिचार गरेर बोल्नु होला । सोचबिचार गरेर कार्यलाई अगाडि बढाउने प्रयास गर्नुहोला।




**मकर** : समय लाई व्यवस्थापन गर्न अप्ठेरो हुनेछ। दैनिक कार्यमा ढिलाई तथा सोच गरे अनुसार प्रतिफल गराउन समस्या आउला। नराम्रो सोच्नेहरु प्रशस्त्र हुनेछन । प्रयास तथा मेहनत बाट मात्र कार्यमा सफलता लिन सकिने देखिन्छ । कम प्रतिफल धेरै लगानी गर्ने कार्यमा बढि समय दिनु पर्ने देखिन्छ।





**कुम्भ** : नयाँ समाचारले कार्यमा सफलता रहनेछ। व्यापार व्यवसाय तथा रोजगार गरेका लाई समय अनुकल रहनेछ । सन्तान पक्षको साथ र सहयोग रहनेछ। बिगतमा रोकिएका कार्यहरु बन्नेछन । कृषिमा ठिकै छ । अध्ययन अध्यापनमा सफलता रहनेछ । प्रयास बाट धेरै कामहरु सम्पादन गर्ने समय रहेको छ ।




**मीन** : तपाईको नराम्रो सोच्नेहरु बाट समस्या आउनेछ। घर परिवार तथा आमा बवाको साथ र सहयोग बाट कार्यमा सफलता रहनेछ । नबिन सोच बिचार आउने समय छ। पहिले टाढिएका आफन्त सग भेटघाट हुनेछ । बिगतका कमीकमजोरी लाई सुधार गर्ने समय छ। जग्गा,जमिन कृषि बाट लाभ रहनेछ।

# सेप्सिस के हो ?, यस्ता छन् लक्षण




सेप्सिस भनेको शरीरमा संक्रमण फैलिएर ज्यानै जान सक्ने रोगको एक अवस्था हो। यसलाई शरीरमा रोग विरुद्ध लड्ने तत्वहरु वा रोग प्रतिरोधात्मक क्षमताले रोगसँग लड्दा उत्पन्न हुने एक किसिमको शारीरिक प्रतिक्रियाको रुपमा हेर्न सकिन्छ । साथै, यो प्रतिक्रियाले ल्याउने परि वर्तनहरुले शरीरका विभिन्न अंग प्रणालीहरुलाई आक्रमण गरेर काम नलाग्ने बनाउन सक्छ। यसलाई सेप्सिसको विकराल अवस्थाको रुपमा हेर्न सकिन्छ ।

सेप्सिसका मूलतः तीन रुप हुन्छन् ?

- सेप्सिस
- सेप्सिस र अंग प्रणाली कमजोर हुनुः जस्तै फोक्सो, कलेजो र मिर्गौला
- सेप्सिस र रक्तचाप अत्यन्त कम हुनु : नशाबाट दिइएको तरल पदार्थ (सलाइन) ले पनि नभई रक्तचाप बढाउन औषधि प्रयोग गर्नुपर्ने अवस्था, यसले गर्दा शरीरका महत्वपूर्ण अंगलाई चाहिने रगत, अक्सिजन र आवश्यक तत्वको कमी हुने अवस्था

। सेप्सिस कुनै रोग नभई रोगहरुको समूह (सिन्ड्रोम) हो। यसले प्रायजसो उमेर ढल्केका र रोग प्रतिरोधात्मक क्षमता कम भएका जस्तैः एचआइभी/एड्स, क्यान्सर, अंग प्रत्यारोपण भएका बिरामीहरु, सघन उपचार कक्ष (आइसियु)का बिर ामीहरु, चोटपटक लागेका वा पोलेको घाउ भएका बिरामी र कृत्रिम श्वासप्रश्वास दिएर राखेका बिर ामीलाई बढी हुने सम्भावना हुन्छ । सेप्सिसको पहिचान र उपचार सक्दो चाँडो हुनु आवश्यक छ किनभने उपचारमा गरिने प्रत्येक घन्टाको ढिलाइले बिरामीको मृत्युदर बढाउँछ। र, चाँडै गरिने उपचारले त्यो मृत्युदर लाई घटाउन सकिन्छ ।

## सेप्सिसका लक्षण

तलका चारमध्ये कुनै दुई लक्षण देखिएमा सेप्सिस भएको हुनसक्छ

- शरीरको तापक्रम ३८ दशमलव ३ डिग्री सेन्टिग्रेट भन्दा बढी अथवा ३७ डिग्री सेन्टिग्रेट भन्दा कम भएमा,
-मुटुको चाल प्रतिमिनेट ९० भन्दा बढी भएमा,
- श्वासप्रश्वासको गति प्रतिमिनेट २० भन्दा बढी भएमा र
- प्रमाणित अथवा अनुमानित संक्रमण भएको अवस्थामा

त्यस बाहेक यी लक्षण देखिएमा सेप्सिससहित अंग प्रणाली काम छोडेको थाहा हुन्छ :

- पिसाबको मात्रा अति कम हुनु,
- होस कम हुनु,
- शरीरको रगत जमाउने कोषिका (प्लेटलेट) को मात्रामा कमी हुनु
- श्वासप्रश्वासमा गाह्रो हुनु,
- मुटुको चाल र काम गर्ने क्षमतामा कमी आउनु,
- पेट दुख्नु,
- जन्डिस देखिनु

माथि लेखिएका लक्षणसित यदि र क्तचाप अति कम भई बढाउनका निम्ति औषधि प्रयोग गर्नुपरेमा सेप्सिसको अन्तिम अवस्था अथवा विकराल अवस्था मानिन्छ । र, यसको मृत्युदर अति नै धेरै हुन्छ । अर्थात् ५० प्रतिशतभन्दा बढी ।

## सेप्सिसका कारण

धेरै किसिमका जिवाणु (ब्याक्टेरिया, भाइरस र फंगस)को कारणले हुन सक्छ। सामान्यतयाः ती जीवाणुले गराउने रोगहरुमाः

- न्युमोनिया (फोक्सोको संक्रमण)
- पेटको संक्रमण
- मिर्गौलाको संक्रमण
- रगतको संक्रमण

यदि सेप्सिस अथवा कुनै अंग प्रणालीले काम गर्न छाडेको शंका लाग्ने वित्तिकै तुरुन्तै चिकित्सकलाई देखाउनुपर्छ। आफैंले नजिकैको मेडिकलमा जँचाएर एन्टिबायोटिक भने खानु हुँदैन। अस्पताल वा डाक्टरको परार्मश लिएर मात्र औषधि सेवन गर्नुपर्छ । सेप्सिस भएको शंका लागेमा चिकित्सकलाई देखाएर रगत, खकार , पिसाब, छातीको एक्सरे, भिडियो एक्सरे, सिटी स्क्यान वा आवश्यक भएमा एमआरआई समेत गर्नुपर्ने हुन्छ । यी बाहेक रोगको किसिम र अंगको प्रणालीमा भएको असर हेरी विभिन्न जाँच गराउनुपर्ने हुनसक्छ।

सेप्सिस भएको खण्डमा एन्टिबायोटिक चलाउने, स्लाइन, अक्सिजन र परेको खण्डमा कृत्रिम श्वासप्रश्वास र मिर्गौला खराब भएको खण्डमा डायलाइसिस, रक्तचाप न्यून भएमा बढाउने औषधि र शरीरको कुनै भाग कुहिएमा वा पिप जमेको खण्डमा शल्यक्रिया समेत गर्नुपर्ने हुनसक्छ।

सेप्सिसको रोकथाम गर्न के गर्ने?

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो। केही सामान्य कुरामा ध्यान दिए सेप्सिसबाट बच्न सकिन्छ।

- हात धुनेः बिरामीलाई छुनुअघि र पछि संक्रमित कुराहरु छोएपछि हात धुने,
- कुनै संक्रमण भएको शंका मात्रै लागेमा तुरुन्तै स्वास्थ्य सल्लाह लिने र
-सेप्सिसबारे जनचेतना फैलाउने

(नेपाल क्रिटिकल केयर डेभेलोपमेन्ट फाउन्डेसनका लागि डा अमित शर्माले t of/ kf/}s f] n)_ *स्वास्थ्य खबर डटकमबाट*

# लामखुट्टेले टोक्दा किन चिलाउँछ ?

पछिल्लो समयमा लामखुट्टेको टोकाइका कारण देखिएका नयाँ नयाँ रोगका कारण लामखुट्टेको चर्चा बढी थालेको छ। लामखुट्टेले विभिन्न रोग फैलाउने त छँदैछ यसबाहेक यसको टोकाईपछि हुने चिलाई झनै दिक्कलाग्दो पक्ष हो।

लामखुट्टेले टोक्दा शरिरको बाह्य छाला छेड्छ र परालको त्यान्द्रो जस्तो उसको मुख वा सुँडले र गत चुस्छ। यस प्रक्रियामा लामखुट्टेले आफ्नो थुक जस्तो पर्दाथ (स्लाभिया) टोकेको ठाँउमा फालिदिन्छ। लामखुट्टेको थुक वा ग्रालमा एकप्रकारको औषधि हुन्छ जसले टोकेको वरपरको रगत जम्नबाट रोक्छ र झिंगालाई नियन्त्रणमा लिन्छ ।



'तपाईको प्रतिरोधी प्रणालीले लामखुट्टेको थुकको प्रोटिनलाई नयाँ चीजको रुपमा पहिचान गर्छ र हिस्टामाइन नामक तत्व निस्काशन गर्छ,' युनिभर्सिटी अफ फलोरिडाका प्राध्यापक भेरो बिच भन्छन्। यही हिस्टामाइनको प्रतिकृयाले शरिरमा चिलाउने उनी बताउँछन् । हिस्टामाइनले टोकेको ठाउको रगत नलीलाई ठूलो र टोकेको ठाँउमा सुनिएको देखाउँछ ।

सबै मानिसले लामखुट्टेको टोकाईप्रति प्रतिकृया जनाउँदैनन्। कतिपय वयस्यकले यसको खासै प्रतिकृया जनाउँदैनन्। आफूलाई टोकिएकोबारेमा समेत उनीहरुले थाहा पाउँदैनन्। 'कतिपय बयस्क आफ्नो घरवरपरको लामखुट्टेप्रति बानी परेका हुन्छन्। तसर्थ लामखुट्टेले टोक्दा बालबालिकाले जस्तै प्रतिकृया जनाउदैनन्,' उनी भन्छन्।

जिका फैलाउने एइडेस लामखुट्टेले दिउसभर अन्य खानेकुरा खाने र बिहान सबेरै तथा साँझमा टोक्ने उनी बताउँछन्। तर उनीहरुको टोकाइबाट कुनै प्रतिकृया हुँदैन। जीका प्रभावित मुलुकहरुमा लामखुट्टेको टोकाइबाट बच्न गर्भवती महिलालाई लामो बाहुला भएका लुगा र पाइन्ट लगाउन प्रभावित देशका स्वास्थ्य अधिकारीहरुले आग्रह गरेका छन्। 'एइडेस लामखुट्टेको टोकाईको चाल मानिसहरुले त्यति थाहा पाउदैनन्। किनकी यसले पछाडिबाट आएर मानिसको जोर्नी र आँखीभौमा टोक्ने गर्छ,' अमेरिकाको रोक नियन्त्रण तथा रोकथाम केन्द्रका प्रवक्ता बेन्जामिन हेन्स बताउँछन्। यो लामखुट्टे दिउसभर सक्रीय भए पनि प्रभावित क्षेत्रमा यसले राती पनि आक्रमण गर्छ। यसले विशेषगरी घरभित्र बस्ने मानिसलाई टोक्न रुचाउने उनी भन्छन्। बृद्ध हुदै गएपछि केही मानिस लामखुट्टेको टोकाईप्रति बढी सम्बेदनशिल हुने गरेको उनी बताउँछन्। लामखाुट्टेको टोकाईले केही बृद्धबृद्धामा खतरनाक एलर्जी उत्पन्न हुने गरेका छन्। पोथी लामखुट्टेले मात्र टोक्ने गर्छ। उसले अन्डा पार्नका लागि टोको ठाँउमा निस्कने रगतबाट पोषक तत्व लिन्छ।





रुकुम पश्चिमको पुर्तिमकाँडा चाईनाबगरमा संकलन गरी राखिएका खोटाका बाकसहरु । पछिल्लो समय सामुदायिक बनहरुको आम्दानीको स्रोत खोटो बनेको छ । तस्वीर **रेखदेख**

# अदालतको आदेश : भाले बास्न पाउनुपर्छ



फ्रान्सको एक अदालतले कुखुराको भाले निर्धक्कसँग बास्न पाउने फैसला गरेको छ । माउरिस नामको उक्त भाले बास्दा चर्को आवाजका कारण डिस्टर्ब भएको भनी छिमेकीले दायर गरेको मुद्दामा अदालतले यस्तो फैसला गरेको हो ।

अदालतको उक्त फैसलासँगै फ्रान्सको ओलेरन टापुका कोरिने फेसेउ नामका व्यक्तिले सो भाले आफ्नो घरमै राख्न पाउने छिन् । तर अदालतको फैसलाको विरुद्धमा उनका छिमेकीहरुले अपिल गर्ने निर्णय गरिरहेका छन् । कुखुराको आवाजले आफूहरुलाई दिक्क बनाएको भन्दै सो कुखुरालाई छिमेकबाट निकाल्नुपर्ने वा चुप बनाउनुपर्ने उनीहरुको माग थियो ।

उक्त भालेको पक्षका वकिलका अनुसार अदालतको फैसलापछि भालेकी मालिक्नी फेसेउ खुसी छिन् । अदालतले कुखुराको मामिलामा फेसेउको बेइज्जत गरेको भन्दै उनका छिमेकीहरुलाई १ हजार युरो जरिवानाको फैसला पनि गरेको छ । तर छिमेकी पक्षका वकिलले भने फेसेउले नियतबस छिमेकीलाई डिस्टर्ब गर्ने मनसायका साथ झ्यालको नजिकै कुखुरा राख्ने र झ्याल खुला राख्ने गरेको बताएका छन् ।

उता भालेलाई बास्न दिन नहुने भन्दै अदालतमा मुद्दा परेसँगै जनावर अधिकारकर्मीहरुले १ लाख २० हजार हस्ताक्षर संकलन गरे र उक्त भालेलाई स्वतन्त्र रुपमा बास्न दिनुपर्ने माग गरे । गत जुलाईमा अदालतमा भएको सुनुवाइका क्रममा उनीहरुले अदालतमा ठूलो संख्यामा कुखुराहरु भेला गराएका थिए ।

स्मरण रहोस् फ्रान्समा चर्चको घण्टी, गाईको काँधमा बाँधिएको घण्टीले डिस्टर्ब गरेको तथा गाईको गोठबाट गन्ध आएको जस्ता विषयमा समेत अदालतमा मुद्दा पर्ने गरेका छन् । एजेन्सीको सहयोगमा


## ब्यक्तिगत घटना दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय**
**रूकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल**

ताजा सामाचार र भरपुर मनोरञ्जनका लागि
www.rekhadekh.com

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगरपालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

# हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१


**रेखदेख** साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम